# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

**बैठक संख्या:** २/०८२/०८३ **मिति:** २०८२/०५/०२

**अध्यक्षता:** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष, वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |
| आमन्त्रित | | |
| | | |
| | | |
| | | |

**<u>प्रस्ताव नं १ स्थायी पदपूर्ती हुने पदहरुको माग आकृति फारम पठाउने सम्बन्धमा।</u>**

**<u>प्रस्तावको व्यहोरा:</u>** यस अर्जुनधारा नगरपालिकाको स्वीकृत संगठन संरचना तथा दरबन्दी तेरिज अनुसार हाल कार्यालयमा रीक्त रहेको देहाय बमोजिमका अधिकृतस्तरको पदहरुमा स्थायी पदपूर्ती गर्नपर्ने भएकाले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा १२,प्रदेश लोक सेवा आयोग ऐन,२०७६ को दफा २१ बमोजिम प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशमा माग आकृति फारम पठाउनका लागि निर्णयार्थ प्रस्ताव पेश भएको।

| सि.नं. | पद | सेवा/समूह | तह | संख्या |
|---|---|---|---|---|
| १ | जनस्वास्थ्य निरीक्षक | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | अधिकृतस्तर सातौं | १ (एक) |
| २ | कानून अधिकृत | स्थानीय कानून | अधिकृतस्तर सातौं | १ (एक) |

**<u>निर्णयको व्यहोरा:</u>** प्रस्तावमा पेश भए बमोजिमका पदहरुको स्थायी पदपूर्तीका लागि आवश्यक माग आकृती फाराम प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशमा पठाउने सर्वसम्मतिले निर्णय गरियो ।

**प्रस्ताव नं २ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुको प्रमाणिकरण सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः**

१. १. यस अर्जुनधारा नगरपालिकाको वडा नं ५, ९ र १० नं वडा कार्यालयहरुबाट अव्यवस्थित बसोवासीहरुको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुको लगत सङ्कलन सम्बन्धि कार्यविधि,२०८१ को अनुसुची ७क अनुसारको हकदाबी सम्बन्धि १५ दिने सार्वजनिक सूचना प्रकाशन भई उक्त म्यादभित्र पेश भएका दाबी विरोध उपर छानविन गरी वडा समितिको सिफारिस सहित उक्त विवरणहरु प्रमाणिकरणका लागि नगर कार्यपालिकाको बैठकमा पेश भएको

२. अर्जुनधारा नगरपालिका वडा नं २ र वडा नं ११ को अव्यवस्थित बसोवासीहरुको जग्गा नाँपजाँचको अनुमतिका लागि भूमि समस्या समाधान आयोगको जिल्ला समिति झापामा वडा नं २ का ४१ तथा वडा नं ११ बसपार्क टोल, महारानीगञ्ज टोल, लक्ष्मीधाप टोल र चाम्लिङ टोलका ६८ बसोवासीहरुको फायल पेश गर्ने सम्बन्धमा अनुरोध गर्ने विषय छलफलका लागि पेश भएको ।

**निर्णयको व्यहोराः**

१. पेश भए बमोजिम वडा नं ५, ९ र १० को वडा समितिबाट सिफारिस भए बमोजिमको अव्यवस्थित बसोवासीहरुको विवरण प्रमाणिकरण गरी भूमि समस्या समाधान आयोगमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

२. पेश भए बमोजिम अर्जुनधारा नगरपालिका वडा नं २ र वडा नं ११ को अव्यवस्थित बसोवासीहरुको जग्गा नाँपजाँचको अनुमतिका लागि भूमि समस्या समाधान आयोगको जिल्ला समिति झापामा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र तथा विवरण संशोधन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधिको दफा ४ बमोजिम श्रीयाना विल्डर्स सप्लायर्स प्रा.लि. अर्जुनधारा-१० ले नयाँ इजाजतपत्रका लागि निवेदन पेश गरेको ।साथै, वस विल्डर्स प्रा.लि.अर्जुनधारा-४ ले साविक साझेदारको विवरण संशोधन गरी नयाँ साझेदारको विवरण अद्यावधिक गर्नका लागि निवेदन पेश भई आवश्यक निर्णयार्थ प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः**

१. उक्त प्रस्ताव बमोजिम श्रीयाना विल्डर्स सप्लायर्स प्रा.लि. अर्जुनधारा-१० लाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधिको दफा ४ बमोजिम नयाँ इजाजतपत्र जारी गर्ने निर्णय गरियो । साथै, वस विल्डर्स प्रा.लि. अर्जुनधारा नगरपालिका-४ को साविक प्रोपाइटर (साझेदार मध्ये) संशोधन गरी नयाँ साझेदारको विवरण अद्यावधिक गर्ने निर्णय गरियो ।साथै, कानून बमोजिम इजाजतपत्रको विवरण संशोधन गर्ने सम्बन्धि सेवाका लागि नयाँ दर्ता सरहको सेवा शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ प्रतिनिधि तोक्ने सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** निवेदक चन्द्रशेखर घिमिरेद्वार सम्मानित उच्च अदादलत विराटनगरको इलाम इजलासमा यस नगरपालिकाको कार्यालय, नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समेतलाई विपक्षी बनाई दायर गरेको कोड नं ०८२-WO-०००२ मुद्दाका सम्बन्धमा कार्यालयको तर्फबाट छलफलमा उपस्थित हुन, लिखित जवाफ पेश गर्न, प्रमाण पेश गर्न, वारेस नियुक्ति गर्न समेतका सम्पूर्ण कार्यका लागि कार्यालयको तर्फबाट प्रतिनिधित्व गर्न एक जना प्रतिनिधि तोक्नुपर्ने भएकाले सोको लागि आवश्यक छलफल तथा निर्णयका लागि विषय पेश भएको।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफलका हुँदा पेश भए बमोजिम कार्यालयको तर्फबाट छलफलमा उपस्थित हुन, लिखित जवाफ पेश गर्न, प्रमाण पेश गर्न, वारेस नियुक्ति गर्न समेतका सम्पूर्ण कार्यका लागि कार्यालयको तर्फबाट प्रतिनिधित्व गर्न नगर कार्यपालिकाको कार्यालयका राजश्व शाखाका अधिकृत, अधिकृतस्तर छैटौं श्री सागर आचार्यलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ दररेट निर्धारण सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिका वडा नं ८ नयाँ कृषि बजारमा रहेको शीत भण्डार, गोदाम घर तथा सोसँगै रहेका सटरहरुको वहाल रकमका सम्बन्धमा स्थानीय राजश्व परामर्श समितिको बैठकबाट देहाय बमोजिमको वहाल रकम सिफारिस भई छलफल तथा स्वीकृतिका लागि बैठकमा पेश भएको ।

| सि.नं. | संरचना | वहाल रकम (रु मासिक) |
|---|---|---|
| १ | शीत भण्डार (प्रति च्याम्बर) | १२,०००/- |
| २ | गोदाम घर | ६०००/- |
| ३ | सटर प्रति ब्लक | ५०००/- |

**निर्णयको व्यहोराः** स्थानीय राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भए बमोजिम उपर्युक्त बमोजिमको वहाल दर स्वीकृत गर्ने र सो दररेट अनुसार वहालका लागि अर्जुनधारा नगरपालिकाको शीत भण्डार, गोदाम घर र सटर सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२ बमोजिम शीत भण्डार, गोदाम घर तथा सटरहरु(सबै ब्लक)लाई एकै प्याकेज बनाई देहायानुसारको न्यूनतम वहाल रकम कायम गरी वहालमा लगाउनका लागि ठेक्का आह्वानको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि.नं. | संरचना | रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | शीत भण्डार | २४,००० | प्रति च्याम्बर रु १२ हजारका दरले २ वटा च्याम्बरको |
| २ | गोदाम घर | ६,००० | |
| ३ | सटरहरु | २०,००० | प्रति ब्लक रु ५ हजारका दरले ४ वटा ब्लकको |
| न्यूनतम वहाल रकम | | ५०,००० | |